मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
सिराहा
फोनं. +९७७-०३३-५२०००८
ईमेल: vhlsec.siraha@gmail.com
वेबसाइट: vhlsecsiraha.p2.gov.np

प.सं. २०८२/०८३

# मत्स्य उत्पादकत्व वृद्दि कार्यक्रमको कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वानको सूचना।

(प्रथम पटक प्रकाशितः मिति २०८२/१२/०४)

यस विज्ञ केन्द्रको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका कार्यक्रमहरू संचालनका लागि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" तथा **पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१'** अनुरुप तपसिल बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक/कृषि सहकारी/कृषि फर्म/कृषि उद्योग/व्यवसायिक फार्म /कृषकसमुहहरुले देहाय बमोजिमका कागजात सहित १५ औं दिन (मिति २०८२/१२/१८ गते) सम्म र अन्तिम दिन सार्वजनिक बिदा भएको खण्डमा सोको भोलिपल्ट कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गरिनेछ। यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३३-५२०००८, ९८५२८३४८०३ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

तपसिलः

| क्र.सं | कार्यक्रमको नाम | ईकाई | परिमाण | कुल अनुदान रकम रु. (रु. लाखमा) | कार्यालय बाट हुने अधिकतम साझेदारी % | साझेदार अनुदान ग्राही /आवश्यक न्युनतम मापदण्ड | खर्च गर्न सकिने विषयगत क्षेत्रहरू |
|---|---|---|---|---|---|---|---|
| १ | मत्स्य उत्पादकत्व वृद्दि कार्यक्रम | पटक | १ | १५ | ५०% | -कृषक/निजि फार्मको हकमा कम्तिमा १० कठ्ठा जलाशयमा मत्स्यपालन भएको<br>-सहकारीको हकमा कम्तिमा १ बिघा जलाशयमा मत्स्यपालन भएको | क) उत्पादन क्षेत्र विस्तार<br>• नयाँ पोखरी निर्माण<br>ख) उत्पादकत्व बृद्धि<br>• माछा भुरा(फ्राई/फिङ्गरलिङ्ग, एडभान्स फिंगरलिङ्ग वितरण)<br>• कृषि चुन वितरण मत्स्य उत्पादन सँग सम्बन्धित मेसिनरी औजार<br>• औषधी<br>ग) बजारीकरण<br>• माछा पसल सुधारसँग सम्बन्धित कार्यहरु |

देहायः

**आवश्यक कागजातहरु**

१. रु. १० को टिकट टाँस गरी फा.न. २ अनुसारको प्रस्ताव/आवेदन।
२. फा.नं. ३ अनुसारको संक्षिप्त कार्ययोजना, कार्यक्रम सञ्चालन गर्ने स्थानको GPS बिन्दु (को-अर्डिनेट्स) अनिवार्य उल्लेख गर्नु पर्ने।
३. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायवाट विगत ३ वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र ।
४. कृषक/ व्यक्तिको हकमा निजको र कानून बमोजिम दर्ता भएका समूह, सहकारी, व्यवसायिक नीजि फार्मको प्रस्ताव-मा हस्ताक्षर गर्ने आधिकारिक व्यक्ति, अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिकताको प्रतिलिपी।
५. व्यावसायिक फार्म/समूह/ सहकारी/नीजि फार्म/उद्योगीको सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि, लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
६. समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिवद्धता सम्बन्धी आधिकारिक बैठकको निर्णय प्रतिलिपि।
७. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको मापदण्ड अनुसार जग्गाको लालपुर्जा, मालपोत तिरेको रसिद र तथा लिजमा लिएको जग्गाको जग्गा धनी पूर्जा, मालपोत तिरेको रसिद र कम्तिमा ५ वर्षको लागि करारनामा/मन्जुरनामा (नोटरी पब्लिकबाट प्रमाणित)।
८. स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र।
९. तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु।
१०. पशूपन्छी तथा मत्स्य वीमा गरेको भए सोको वीमालेख।
११. कार्यालयले आवश्यकता अनुसार माग गरे बमोजिमको अन्य आवश्यक कागजातहरु।

नि.कार्यालय प्रमुख

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

फोनं. +९७७-०३३-५२०००८
ईमेल: vhlsec.siraha@gmail.con
वेबसाइट: vhlsecsiraha.p2.gov.np

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
## सिराहा

**द्रस्टव्य**

१. विगत बर्षहरुमा अनुदान नलिएको तथा उन्नत प्रविधि अबलम्वन गरेको कृषक/कृषक समूह/कृषि सहकारी/उद्यमीहरुलाई प्राथमिकता दिईनेछ।

२. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ।

३. अधिकतम अनुदान प्रतिशत 'कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ (पहिलो संशोधन, २०७७) मा व्यवस्था भए वमोजिम क्रियाकलाप अनुस अनुदानको सिमा कायम हुनेछ।

४. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सूचनासँग सम्वन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

पुनश्चः सम्वन्धित कार्यविधिहरू - कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ (पहिलो संशोधन, २०७७)", पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०७८' तथा निवेदन/प्रस्तावको ढाँचा कार्यालयको वेबसाईटः vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्नु हुन अनुरे छ।

शिव नारायण याद
**नि.कार्यालय प्र**